कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल

कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या- २०८०।८१
च.नं- ११८८

श्री वडा कार्यालय (सवै)
कुश्मा नगरपालिका।

मितिः२०८०/१०/२९
सिल्लाध्व, ११४४ ने.सं.

**विषय - आ.व. २०८१।०८२ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी**

रोजगारको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारको हक सम्बन्धी नियमावली , २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (दोस्रो संसोधन ,२०७८ को दफा १८, बमोजिम अगामी आ.व. २०८१/०८२ मा रोजगार सेवा केन्द्र, कुश्मा नगरपालिकाको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक, सामाजिक तथा आर्थिक अवसरबाट बञ्चित महिला, आदिवासी जनजाती, दलित, सिमान्तकृत समुदाय तथा विपन्न वर्गका १८ देखि ५९ बर्ष उमेर समुहका बेरोजगार व्यक्तिले २०८०/११/३० सम्म आफुले स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यलयमा बेरोजगार व्यक्तिको सुचीमा सूचिकृत हुन देहायनुसारका आवश्यक कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा सम्बन्धित वडा कार्यलय, रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ।

**निवेदनका साथ संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु**

- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसुचि १ बमोजिमको निवेदन
- निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- एक प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो
- निवेदकले कुनै सिपमुलक तालिम लिएको भए सो को प्रतिलिपि १ प्रति
- परिवारको सम्पुर्ण सदस्यको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- बसाइसराई भएको भए सो को प्रमाणपत्रको प्रतिलिपि १ प्रति

२०८०/१०/२९
विष्णु प्रसाद तिवारी
प्रमुख प्रशासकीय अधिकृत

**नोट :- माथि उल्लेखित आवश्यक कागजात र विवरण अपुर्ण भएमा फारम स्वीकृत गरिने छैन । साथै थप जानकारीका लागि वडा कार्यलय वा रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ ।**